Energy & Water Ombudsman NSW
Free, fair and independent

# एम्बेडेड नेटवर्क (embedded network) मा बसोबास गर्नुहुन्छ?

## एम्बेडेड नेटवर्कहरू के हुन्?

**एम्बेडेड नेटवर्कहरू (Embedded networks)** निजी ऊर्जा नेटवर्कहरू हुन् जसले एक विशेष क्षेत्रमा अवस्थित धैरै घर वा व्यवसायहरूमा ऊर्जा आपूर्ति गर्दछ। आवासीय परिसरहरू, रिटायरमेन्ट बसोबास केन्द्रहरू र आवासीय पार्कहरू एम्बेडेड नेटवर्कहरूका उदाहरणहरू हुन्।

## यिनीहरूले कसरी काम गर्छन्?

एम्बेडेड नेटवर्क सञ्चालकले ऊर्जा खुद्रा बिक्रेताबाट ऊर्जा खरिद गरेर एम्बेडेड नेटवर्कमा बस्ने ग्राहकहरूलाई आपूर्ति गर्दछ।

## के म एम्बेडेड नेटवर्कमा बस्छु?

यदि तपाईंको भवनमा तपाईंको ऊर्जालाई अर्को सेवासँग जोडिएको छ (जस्तै इन्टरनेट, तातो पानी वा एयर कन्डिसनिङ) वा तपाईंलाई प्रदायकहरू परिवर्तन गर्नमा समस्या भइरहेको छ भने, तपाईं एम्बेडेड नेटवर्कमा बसोबास गर्न सक्नुहुन्छ। यदि तपाईंको भवन सन् 2010 पछि बनेको हो भने तपाईं एम्बेडेड नेटवर्कमा हुने सम्भावना बढी छ।

यदि तपाईं निश्चित हुनुहुन्न भने, **आफ्नो ऊर्जा प्रदायकलाई सम्पर्क गर्नुहोस्** र सोध्नहोस्। तपाईं आफ्नो आवासीय परिसर वा रिटायरमेन्ट बसोबास केन्द्रको प्रबन्धकलाई पनि सम्पर्क गर्न सक्नुहुन्छ।

तपाईं एम्बेडेड नेटवर्कमा सर्दा सेवा प्रदायकले तपाईंलाई ग्राहकको रूपमा तपाईंको अधिकारका बारेमा लिखित जानकारी दिनुपर्छ। यसमा सेवा प्रदायक (बिक्रेता) को नाम र सम्पर्क विवरणहरू समावेश हुन्छन्। यी विवरणहरू तपाईंको ऊर्जा बिलमा पनि देखिनुपर्छ।

### एम्बेडेड नेटवर्कमा बिजुली कसरी आपूर्ति गरिन्छ



# मेरा अधिकारहरू के-के छन्?

एम्बेडेड नेटवर्कको ग्राहकका रूपमा, परम्परागत नेटवर्कका ग्राहकहरूको जस्तै तपाईंका धेरै **समान अधिकार** हुन्छन्। एम्बेडेड नेटवर्कका सञ्चालकहरूले निम्न कुराहरू सुनिश्चित गर्नुपर्छ:

- एम्बेडेड नेटवर्क तपाईंको प्रयोगका लागि सुरक्षित छ।
- उजुरी गर्नका लागि स्पष्ट प्रक्रियाहरू छन्।
- नेटवर्क सेवाहरूका लागि शुल्क/रकम अष्ट्रेलियाको ऊर्जा नियमकद्वारा प्रकाशित निर्देशिकाअनुसार निर्धारण गरिन्छ।
- एम्बेडेड नेटवर्क स्थापना भएको बेलामा बिजुली मिटरले निश्चित मापदण्डहरूको पालना गर्दछ।

**एम्बेडेड नेटवर्क सञ्चालकहरूले निम्न कुरासम्बन्धी नियमहरू पनि पालना गर्नुपर्छ:**

- जडान विच्छेद र पुन: जडान
- करारका सर्तहरू
- आर्थिक कठिनाइ र भुक्तानी व्यवस्था
- बिलिङ
- हेरचाह शुल्क र रकमहरू
- विवाद समाधान र EWON मा पहुँच

आवासीय पार्कहरूमा बिक्री गर्ने सम्बन्धमा विभिन्न नियमहरू लागू हुन्छन्। थप जानकारीका लागि हामीलाई सम्पर्क गर्नुहोस्।

# के म खुद्रा बिक्रेता (सेवा प्रदायक) बदल्न सक्छु?

हो सक्नुहुन्छ, तपाईंसँग आफ्नो ऊर्जा प्रदायक छनोट गर्ने अधिकार छ। एम्बेडेड नेटवर्कका सञ्चालकहरूले तपाईंलाई प्रदायकहरू परिवर्तन गर्नबाट रोक्न वा निरुत्साहित गर्न पाउँदैनन्।

प्रदायकहरू परिवर्तन गर्न र एम्बेडेड नेटवर्क छोड्न:

१ एक स्वीकृत सेवा प्रदायक खोज्नुहोस्, जो तपाईंको सेवा प्रदायक बन्न र बजार करार गर्न सहमत छ। स्वीकृत सेवा प्रदायकहरूलाई तपाईंको सेवा प्रदायक बन्ने कुनै दायित्व छैन - तपाईंले अरू खोज्नु पर्ने हुन सक्छ।

२ स्वीकृत प्रदायकले एम्बेडेड नेटवर्कलाई राष्ट्रिय ऊर्जा बजारमा तपाईंको मिटर सही रूपमा रेकर्ड गरिएको छ भनी सुनिश्चित गर्न अनुरोध गर्ने छ ताकि यसले तपाईंको खाता स्थापित गर्न सक्छ।

३ या त तपाईं वा स्वीकृत सेवा प्रदायकले एम्बेडेड नेटवर्क सञ्चालकलाई तपाईं स्वीकृत प्रदायक परिवर्तन गर्दै हुनुहुन्छ भनेर बताउन आवश्यक छ।

ध्यान दिनुहोस्:

- तपाईंको एम्बेडेड नेटवर्कले तपाईंलाई स्वीकृत सेवा प्रदायक फेला पार्नमा मद्दत गर्न सक्दैन।
- तपाईंको हालको मिटर बदल्नु पर्ने हुन सक्छ र तपाईंले यसबापत शुल्क तिर्नु पर्ने हुन सक्छ। तपाईं भाडामा बस्नुहुन्छ भने, तपाईंले आफ्नो घरधनीसँग कुरा गर्न आवश्यक छ, जसले आपत्ति जनाउन सक्छ।
- तपाईंले दुई वटा बिल प्राप्त गर्न सक्नुहुन्छ: एउटा तपाईंको सेवा प्रदायकबाट तपाईंको ऊर्जा प्रयोगका र अर्को तपाईंको एम्बेडेड नेटवर्कबाट नेटवर्क शुल्कहरूका लागि। तपाईंको ऊर्जा खुद्रा बिक्रेता जो भएता पनि, तपाईंले अझै पनि एम्बेडेड नेटवर्कलाई नेटवर्क शुल्कहरू तिर्नु पर्छ।

# आर्थिक सहयोग

NSW सरकारले योग्य ग्राहकहरूलाई उनीहरूको बिजुली र ग्याँसको बिलहरू तिर्नमा मद्दत गर्न छुटहरू प्रदान गर्दछ।

यदि तपाईं एम्बेडेड नेटवर्क आवासीय परिसर, रिटायरमेन्ट बसोबास केन्द्रहरू वा आवासीय पार्कमा बस्नुहुन्छ भने तपाईंले service.nsw.gov.au मा छुटका लागि अनलाइन आवेदन दिन सक्नुहुन्छ।

# उजुरी वा सोधपूछ गर्नुहोस्

| | |
|---|---|
| **नि:शुल्क फोन** | 1800 246 545*<br>सोमवारदेखि शुक्रवारर, बिहान 9 बजेदेखि साँझ 5 बजेसम्म |
| **नि:शुल्क फ्याक्स** | 1800 812 291 |
| **नि:शुल्क पोस्ट** | Reply Paid 86550<br>Sydney South NSW 1234 |
| **दोभाषे** | 131 450 |
| **TTY/भ्वाइस** | 133 677 |
| **अनलाइन** | ewon.com.au |
| **प्रत्यक्ष रूपमा भेट्न** | Level 11, 133 Castlereagh St,<br>Sydney, NSW 2000 |

* यदि तपाईंले मोबाइलबाट फोन गर्दै हुनुहुन्छ भने, हामीलाई थाहा दिनुहोस् र हामी तपाईंलाई फोन गर्नेछौं।